"लोकतन्त्र, स्वतन्त्रता र व्यवसायीकतामा समर्पित, आवाज बिहीनहरुको आवाज"

# लमजुङ आवाज

साप्ताहिक

*Lamjung Aawaz Weekly*

हाम्रा समस्त ग्राहक वर्गमा सुख शान्ति, समृद्धि र उत्तरोत्तर प्रगतिको कामना गर्दछौं ।

स्कूल, क्याम्पसका ड्रेस, सर्टिङ, सुटिङ, विवाह लगायत विभिन्न उत्सवका लागि चाहिने कपडा, कुर्ता सलवार तथा अन्य घरायसी काममा प्रयोग हुने कपडा सुपथ मूल्यमा हामी उपलब्ध गराउँछौं ।

प्रो. भगवान पिया

**पिया सपिङ्ग सेण्टर**

भीमसेनस्थान, बेसीशहर, (पिया मेडिकल हलसगै)

फोनः ०६६-५२०५२०

वर्ष १८ अंक ०९ २०८० जेठ २ गते मंगलबार (May 16, 2023) पृष्ठ संख्या ६ मूल्य रु.१०|-

## तीनसय बढी रास्वपामा प्रवेश, अरु दललाई धक्का



बेसीशहर । लमजुङको बेसीशहर नगरपालिकामा तीनसय भन्दा बढी नागरिकहरू विभिन्न पार्टी परित्याग गरी एकसाथ राष्ट्रिय स्वतन्त्र पार्टी ( रास्वपा) मा प्रवेश गरेका छन् । रास्वपामा प्रवेश गर्नेमा निर्वाचित वडाध्यक्षसहित अधिकांश नेकपा एमालेका कार्यकर्ता र एमाले समर्थित गाउँलेहरू रहेका छन् ।

राष्ट्रिय स्वतन्त्र पार्टीले बेसीशहरको वडा नं. ६ मा आयोजना गरेको एक कार्यक्रममा बेसीशहर नगरपालिका वडा नं ६ का वडाध्यक्ष प्रकास थापासहित तीनसय बढी स्थानीय एकसाथ रास्वपामा प्रवेश गरेका हुन् । रास्वपाका केन्द्रीय सदस्य डा. प्रभात अधिकारीको प्रमुख आतिथ्यमा भएको सो कार्यक्रममा पार्टी प्रवेशसंगै वडा नं ६ मा वडा समिति पनि चयन गरिएको छ ।

(बाँकी पृष्ठ ३ मा)

तेजबहादुर भण्डारीको सभापतित्वमा गठित वडा समितिको उपसभापतिमा

## चक्कु प्रहार गरी आफ्नै साथीको हत्या



बेसीशहर । आफ्नै छिमेकी तथा संगै काम गर्ने साथीलाइ चक्कु प्रहार गरी हत्या गरेको अभियोगमा लमजुङमा एक युवा पक्राउ परेका छन् ।

लमजुङको मध्यनेपाल नगरपालिका वडा नं ८ मा पर्ने लाङ्दी स्थित मिदिम खोला जलविद्युत आयोजनाको ड्याम साईडमा मजदुरी गर्ने खोटाङ घर भएका बर्ष २८ अर्जुन रम्तेल पक्राउ परेका हुन् । उनले खोटाङ जिल्ला घर भएका आफ्नै छिमेकी बर्ष २५ का सुनिल श्रेष्ठलाई चक्कु प्रहार गरी हत्या गरेको अभियोग छ ।

प्रहरीका अनुसार गत बैशाख २८ गते राती करीब १० बजे रम्तेलले श्रेष्ठलाइ चक्कु प्रहार गरी घाइते बनाएकामा घाइते श्रेष्ठलाइ स्थानीय अस्पतालमा प्राथमिक उपचार गरी थप उपचारका लागि पोखरा लैजाँदै गर्दाराती १ बजे मृत्यु भएको थियो ।

घटनामा संलग्न अर्जुन रम्तेललाइ कास्की प्रहरीको सहयोगमा पक्राउ गरी जिल्ला प्रहरी कार्यालय लमजुङमा ल्याइ अनुसन्धान थालिएको छ । जिल्ला प्रहरी कार्यालयले दिएको जानकारी अनुसार मृतक सुनिल श्रेष्ठ छिमकी हुन् । दुबै जनाले मिदिम खोला जलविद्युत आयोजनाको ड्याम साईडमा मजदुर काम गर्दथे । उनीहरु दुबै जना आयोजनाको ड्याम साईडको क्याम्पमा संगै बस्ने गरेको र उक्त दिन राती घरायसी कुरामा बिबाद हुंदा अर्जुन रम्तेलले आफ्नो साथी सुनिल श्रेष्ठलाई चक्कु प्रहार(बाँकी पृष्ठ ३ मा)

**सम्पूर्ण ग्राहकहरुमा हार्दिक स्वागत गर्दछौं ।**

लमजुङ जिल्लामै पहिलो पटक नेपालको पहिलाअन्तराष्ट्रिय हलमार्क्ड एवं मान्यताप्राप्त तिसा ज्वेलर्स एण्ड डाइमण्डसंगको सम्बद्धतामा हिराका विभिन्न प्रकारका गहनाहरु विक्री शुरु गरिएको जानकारी गराउँछौं ।

- नेपालको पहिलो अन्तराष्ट्रिय हलमार्क्ड एवं मान्यताप्राप्त ज्वेलर्ससंगको सम्बद्धतामा हिराका विभिन्न प्रकारका गहनाहरु
- कम्प्युटर तौलमा मेसिन कटिङ गरिएका तयारी तथा अर्डर अनुसारका आधुनिक एवं परम्परागत गरगहना पाइने ।
- प्रत्येक गहनामा पसलको ग्यारेन्टी छाप लगाई ग्यारेन्टी विल दिइने ।
- पुराना गहनाहरुसंग नयाँ गहना साट्न पाइने ।
- राशी अनुसारका अन्य किसिमका पत्थरहरु पाइने ।





"तपाईंको सन्तुष्टि नै हाम्रो लक्ष्य हो ।"

प्रो. बमबहादुर विश्वकर्मा

सुरज विश्वकर्मा

**जय लक्ष्मी सुनचाँदी पसल**

बेसीशहर-२, भीमसेन टोल, लमजुङ

हामीकहाँ राशी अनुसारको रत्न जडित औंठी पनि बनाईन्छ ।

## पश्चिम लमजुङका उपभोक्तालाई भोर्लेटार सबस्टेशनबाट विजुली

बेसीशहर । नेपाल विद्युत् प्राधिकरणले पश्चिम लमजुङका उपभोक्तालाई भोर्लेटार सबस्टेसनबाट विद्युत् वितरण सुरू गरेको छ । उपभोक्ता समितिबाट विद्युत् व्यवस्थापनको जिम्मा प्राधिकरणले लिएसँगै भोर्लेटार सबस्टेसनबाट विद्युत् वितरण सुरू गरेको हो ।

पश्चिम लमजुङअन्तर्गत मध्यनेपाल नगरपालिका वडा नम्वर ६, ७, ८ र ९ का उपभोक्तासँगै क्व्होँलासोथार गाउँपालिकाअन्तर्गतका पाँचवटा गाउँ र सुन्दरबजारका केही क्षेत्रमा भोर्लेटार सबस्टेसनबाट विद्युत् वितरण भएको हो । उक्त सबस्टेसनबाट ७ हजार घरपरिवार लाभान्वित भएका छन् । पश्चिम लमजुङका क्षेत्रमा उदिपुर सबस्टेसनबाट विद्युत् वितरण गर्दा लामो दूरी पर्नुका साथै हावाहुरीका कारण विद्युत्मा समस्या आउँदा व्यवस्थापन गर्न समस्या भएपछि दूरी छोटो गरिएको केन्द्र प्रमुख मेघनाथ भट्टराईले बताए ।

भोर्लेटारमा सबस्टेसन निर्माण सम्पन्न भएसँगै तीनवटा फिडरबाट छुट्टाछुट्टै विद्युत् वितरण गर्न लागिएको केन्द्र प्रमुख भट्टराईले जानकारी दिए । यसअघि, विद्युत् वितरण गर्दै आएको पश्चिम लमजुङ विद्युत् उपभोक्ता संस्थाले सेवाग्राहीलाई विद्युत् वितरण गरी विद्युत् महसुल उठाउँदै आए पनि संस्थाले प्रभावकारी सेवा प्रवाह गर्न नसकेपछि नेपाल विद्युत् प्राधिकरणले स्वामित्व लिएको हो ।

प्राधिकरणले स्वामित्व लिएसँगै संरचना विकास र अन्य व्यवस्थापनलाई सहज बनाउन थालेको हो । उपभोक्ता संस्थाले जिल्लाको तीनवटा स्थानीय तहअन्तर्गत साबिक आठवटा गाविसमा विद्युत् सेवा वितरण गरेको थियो । यसअघि, उदिपुर सबस्टेसनबाट विद्युत् वितरण हुँदै आएकोमा विभिन्न प्राविधिक समस्या आइरहेकाले भोर्लेटार सबस्टेसनबाट विद्युत् वितरण सुरू गरिएको लमजुङ विद्युत् वितरण केन्द्रका प्रमुख भट्टराईको भनाइ छ ।

बर्षौंदेखि विजुलीको समस्या भोग्दै आएका पश्चिम लमजुङका बासीन्दा प्राधिकरणले विजुली वितरण गरेपछि खुशी भएका छन् । विगतमा समितिमार्फत विजुली बाल्दा त्यस भेगका बासीन्दाले सास्ती भोगेका थिए ।

## लमजुङ आवाज साप्ताहिक

**प्रकाशक/प्रधान सम्पादकः कल्पना शर्मा दनाई**
**कार्यकारी सम्पादकः मिलन शर्मा दनाईं**
**प्रमुख समाचारदाताः सरिता थापा घिमिरे**
**समाचारदाताहरूः**
**रमेशचन्द्र घिमिरे - (मध्यनेपाल)**
**केशवप्रसाद अधिकारी (सुन्दरबजार)**
**मनाङ ब्युरो प्रमुख (नवीन लामिछाने**
**कार्यालयः शेराबजार, बेसीशहर फोनः ०६६-५२०००२**
URL: www.lamjungnews.com
**इमेल**:milanshar@gmail.com,
lmjaawaj@gmail.com
**कम्प्युटरः लमजुङ आवाज डेस्कटप**
**मुद्रणः जनप्रेमी अफसेट प्रेस, बेसीशहर, फोनः ५२०२२७**

# प्रकाशकीय........

## गाउँपालिकाको उदाहरणीय कार्य

देशका कतिपय भागमा किसानहरूले उत्पादन गरेका कृषि उपजहरू विक्री नभएर सडकमा खन्याएको हामीले देख्दै आएका हौं । किसानको दूध विक्री नभएर सडकमा बगाएको पनि हामीले देखेका छौं । नेपालमा तरकारी र दूधको राम्रै उत्पादन हुन्छ । यद्यपी देशभरलाई पुग्ने गरी हाम्रो उत्पादन त हुँदैन, तैपनि देशको धेरै जनसंख्याका लागि पुग्ने गरी यही उत्पादन हुन्छ । तर नेपालमा स्वदेशी उत्पादन भन्दा विदेशी उत्पादनको खपत बढी छ । छिमेकी भारतबाट नेपालमा अत्याधिक धेरै खाद्यान्न, तरकारी र फलफूलको आयात हुन्छ । यिनमा अत्याधिक विषादी मिसाइएको हुनाले खानको लागि योग्य नहुँदा पनि नेपालीहरू तिनै भारतीय उत्पादनको सेवन गरिरहेका छन् । यस्ता विषादी मिसाइएका फलफूल र तरकारीको परीक्षण पनि हुँदैन । एकपटक विषदी परीक्षण गर्न सरकार तयार भएको भए पनि भारतको दवावले त्यो काम हुन सकेन । त्यस्ता विषादी मिसाइएका तरकारी र फलफूल आयातमा रोक लगाउनुको सट्टाक सरकार तिनै उत्पादनको परीक्षण पनि गर्न सक्दैन । नेपाली कृषकलाई राहत दिन यो जरूरी थियो । विषादी परीक्षण हुन सकेको खण्डमा भारतबाट आउने प्रायः सबै तरकारी र फलफूल परीक्षणमा खान अयोग्य सावित हुने भएकाले भारतीय ब्यापारीहरूको दवावमा नेपालमा त्यस्तो ब्यवस्था हुन सकेन । ठूलो परिमाणमा आउने भएकाले र भारतमा फलफूल र तरकारीको अत्याधिक उत्पादन हुने र लागतसमेत कम हुँदा मूल्य कम पर्न जाने भएकाले यीसंग नेपाली उत्पादनले प्रतिस्पर्धा गर्न सक्दैनन् । स्वदेशी कृषि उपजको लागत बढी पर्ने भएकाले उपभोक्ताहरू भारतीय तरकारी र फलफूल रोज्छन्, चाहे स्वास्थ्यका लागि ती प्रतिकूल किन नहुन् । यस्ता अवस्थामा नेपाली किसानहरू आफ्ना उत्पादन विक्री नभएर सडकमा फाल्नु पर्ने अवस्था आउने नै भयो । सरकारले स्वदेशी उत्पादनको खपत स्वदेशमै हुने ब्यवस्था नमिलाएसम्म किसानका दुःख जाँदैनन् । किसानलाई उन्नत बीउविजन, रासायनिक मल, प्राविधिक सेवाका साथमा बजार चाहिएको छ । बजारमा विदेशी उत्पादनको हालीमुहाली हुँदा पनि सरकार रमिते बन्नु देशका लागि घाटा हो । किसानहरू आफ्ना उत्पादन नविकेर रूदै हिडे पनि सरकार कानमा तेल हालेर बस्नु विडम्बना हो । यस्तैमा लमजुङको मर्स्याङदी गाउँपालिकाले किसानहरूलाई ब्यवसायीक खेती गर्न उत्प्रेरित गर्दै किसानले उत्पादन गरेका कृषि उपज विक्री नभए उनीहरूको लागत मूल्य पालिकाले तिरिदिने घोषणा गरेको छ । यो घोषणाले किसानहरूको उत्साह छाएको छ । पालिकाका किसानलाई उत्प्रेरित गर्न र कृषि उत्पादन बढाउन उनको यो घोषणाले मद्दत पुऱ्याएको छ । बाहिरबाट आउने तरकारी विस्थापित गर्ने गरी यही उत्पादन बढाउन पालिकाले आग्रह गरेको छ । बजार खोज्न सहयोग गर्ने र उत्पादन विक्री नै नभए पालिकाले लागत मूल्य दिने भएपछि किसानलाई हौसला मिलेको छ । यस्तो सिको देशका अन्य पालिकाले पनि गरे कृषि उत्पादन बढ्ने, स्वदेशी उत्पादनको प्रबर्द्धन भइ देशको अर्थब्यवस्थामा सकरात्मक प्रभाव पर्ने निश्चित छ ।

**जन्म, मृत्यु, विवाह, बसाइ सराई र सम्बन्ध बिच्छेद जस्ता ब्यक्तिगत घटनाहरू सम्बन्धित वडा कार्यालयमा गई निःशुल्क दर्ता गरौं ।**

दूधपोखरी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय, लमजुङ

# ‘नहुष’हरूले डुबाएको मुलुक



♦ दीपेन्द्र पाण्डे

भनिन्छ, मुसाको अँजुली थोरै अन्नले भरिन्छ । कायर ब्यक्ति सानै कुराले सन्तुष्ट हुन्छ । सानो नदी थोरै पानीले भरिन्छ । उल्लिखित भनाइ हाम्रो मुलुकमा अर्थहीन हुँदै गएको चरितार्थ पार्ने घटना सर्वसाधारण जनताले सुन्न र देख्न पाएका छन् ।

महान् तपस्वी ‘त्वष्टा’ले कडा तपस्यामार्फत ‘विश्वरुप’ नामक पुत्र जन्माए, जुन पछि गएर त्रिशिराको नामले प्रसिद्ध भए । त्रिशिराको अथाह शक्ति देखेर स्वर्गका राजा इन्द्र अत्तालिए । इन्द्रले त्रिशिराको शक्ति नष्ट गर्न अप्सराहरुको प्रयोग गरे । दुर्भाग्य ! कुनै पनि अप्सराले त्रिशिरालाई प्रभाव पार्न सकेनन् । दुर्बल भए पनि शत्रुलाई कमजोर आँक्नु हुँदैन भन्ने नीतिअनुरुप इन्द्रले त्रिशिरालाई भौतिक रुपले समाप्त गर्न बज्र प्रहार गरे । त्रिशिरा मारिए तर उनको तीन वटा शिर अलग-अलग गर्न एउटा दाउरेलाई इन्द्रले आदेश दिए । दाउरेको प्रहारपश्चात् अलग गरिएको त्रिशिराको तीन शिरबाट तीन वटा पंक्षी निस्कियो । त्रिशिराको शिरबाट निस्किएका पंक्षीले इन्द्रद्वारा ब्रह्महत्या गरेको हल्ला फैलाए ।

इन्द्रले बिनाकारण पुत्रको हत्या गरेको थाहा पाएपछि त्वष्टा ऋषिले इन्द्रलाई मार्नको निम्ति यज्ञमार्फत वृत्रासुरलाई उत्पन्न गरे । पिताको आदेश अनुसार वृत्रासुरले स्वर्गमा इन्द्रसँग भयङ्कर युद्ध गरे । युद्धमा इन्द्र पराजित हुँदा देवताहरु विष्णुको शरणमा पुगे । विष्णुले इन्द्र र वृत्रासुरबीच सन्धि गराउन देवताहरुलाई सिकाए । अन्ततः वृत्रासुरले इन्द्रसँग सन्धि गर्न तयार हुँदै युद्ध रोके । केही समयपश्चात् इन्द्र र विष्णुले छलकपट गर्दै वृत्रासुरको हत्या गर्न सफल भए । परन्तु ब्रह्महत्याबाट डराएका देवराज इन्द्र स्वर्गबाट अदृश्य भए । इन्द्र अदृश्य भएपछि स्वर्गमा देवता र ऋषिहरुले आयुपुत्र नहुषलाई प्रधानमन्त्रीको पदमा आसीन गराए । सत्ताको नसामा चुर हुँदै नहुषले इन्द्र पत्नी इन्द्राणीलाई जबर्जस्ती आफ्नो बनाउने कोसिस गरे । जसको कारण उनी सत्ताबाट विमुख हुन पुगे ।

यतिबेला मुलुकले नहुषहरुको ताण्डव देख्न पाएको छ । तत्कालीन दरबारको कमजोरी र दक्षिण-पश्चिमको रणनीतिक स्वार्थअनुरुप जन्माइएका नहुषहरुले गरेको गद्दारीले मुलुकको शिर झुकेको छ । सार्वभौम सत्ताको एकल प्रयोग गरिरहेको तत्कालीन दरबारले प्रजातन्त्र र राष्ट्रियतालाई बराबर महत्त्व दिन नसक्दा सत्तामा पुग्न सफल नहुषहरुले मुलुकलाई दोहन गर्नु एक मात्र लक्ष्य रहेको बुझ्दै गर्दा सर्वसाधारण जनताको रगत उम्लिएको छ । विकास, सुशासन र समृद्धिको सपना छर्दै सत्तामा पुग्न सफल नहुषहरुले मुलुकको खेतबारी बाँझो राख्दै जनताको हातमा पासपोर्ट थमाउँदा पनि मुलुकवासीले उनीहरुलाई शङ्काको सुविधा दिएका थिए । मुलुक बनाउनु, जनतालाई राहत, न्याय र अवसर दिनुको सट्टा संविधान र कानुनको पालना गर्ने/गराउने गृहमन्त्रालय युवायुवतीलाई नक्कली भुटानी शरणार्थी बनाउँदै लुट्न तम्सिएको घटनाले लोकतन्त्रको अनुहारमा मोसो दलेको छ । पूर्व गृहमन्त्रीका सल्लाहकार, बहालवाला सचिव, पूर्व उपप्रधानमन्त्रीपुत्रको गिरोहलाई प्रहरीले नियन्त्रणमा लिएको छ । पूर्व गृहमन्त्रीका सल्लाहकारको पुत्र र पूर्वउपप्रधानमन्त्री एवम् पुर्व माओवादी हाल एमालेसचिव फरार छन् । यसले एमालेअध्यक्षलाई चैनसँग बस्न दिएको छैन । उनी पटक-पटक प्रधानमन्त्री प्रचण्डलाई भेट्न बाध्य भएका छन् । यस घटनाको गहिरो अनुसन्धान हुँदा नहुषहरुको साम्राज्य भताभुङ्ग हुने सम्भावना उच्च छ ।

राजनीतिक संरक्षणमा सम्पन्न भएको कथित ठगीधन्दामा संलग्न सम्पूर्ण नहुषपुत्रहरु जेल जान्छन् भन्ने कुरामा सर्वसाधारण जनताले विश्वास गरिसकेका छैनन् । यो काण्ड केही समयपछि सामसुम हुनेछ र अर्को प्रकरण प्रारम्भ हुनेछ भन्नेमा पुरै मुलुक विश्वस्त छ । अझै केही राजनीतिकर्मी र कर्मचारी तानिन सक्ने यस घटनालाई नहुषहरुले लेनदेनको आधारमा सेटल गरेमा आश्चर्य मान्नुपर्दैन । कार्यपालिका, ब्यवस्थापिका, न्यायपालिका र कर्मचारीतन्त्रको सञ्जाललाई नेपाल प्रहरीले तोड्न सक्ने अवस्था मुलुकमा छैन ।

०४६ को परिवर्तनपछि प्रधानमन्त्री बन्न सफल कृष्णप्रसाद भट्टराई, मनमोहन अधिकारी र सुशील कोइरालाबाहेक आजसम्म सिंहदरबारको कुर्सीमा बस्न सफल नहुषहरुले मुलुकको दोहन मात्र गरेका छन् । पापको घैंटो बोकेर जन्मिने सरकारको नयाँ-नयाँ प्रकरणहरुले जनता वाक्कदिक्क छन् । कुर्सीमा पुग्नासाथ अनेक थरिका नहुषहरुले घटाएका कथित काण्डहरुले मुलुक र लोकतन्त्रलाई कप्लक्कै निल्ने अवस्थामा पुगेको छ । गिरिजा प्रसादको आगमनपश्चात् लाउडा, धमिजा काण्डबाट सुरू भएको कथित भ्रष्टाचारका चर्चित घटनाहरु नेपालीको आँखामा घुमिरहेका छन् । अनुसन्धान गर्ने निकाय र ब्यक्तिले आँखा चिम्लेका असत्त्य काण्डमध्य वाइडबडी, एनसेल लाभकर, ३८ क्विन्टल सुन, यति, ओम्नी, गिरीबन्धु टिस्टेट, सेक्युरिटी प्रेस खरिद प्रकरण र ७० करोड काण्ड, अरूण-३ काण्ड, पशुपति सुनकाण्ड, सार्वजनिक जग्गा दर्ता काण्ड, इम्बोस्ड नम्बर प्लेट काण्ड, ललिता निवास काण्ड, मातातीर्थ जग्गा काण्ड, बुढीगण्डकी कमिसन काण्ड, क्यान्टोनमेन्ट काण्ड, फुटेज काण्ड, चकलेट काण्डका नहुष, नहुषपुत्र, उनीहरुका दाहिने/देब्रे हातलाई समात्ने हो भने मुलुकको राजनीति तत्काल ८० प्रतिशत सफा हुनेछ ।

माने पनि नमाने पनि राणाहरुको पिँजडाबाट आफ्नो परिवारलाई मुक्ति दिने बहानामा राजा त्रिभुवनले मुलुकलाई दक्षिणको पोल्टामा हालेको राजा महेन्द्रले सुधार्ने कोसिस गरे । शीतयुद्धको फाइदा उठाउँदै मुलुकको पहिचान सृजना गर्न तत्कालीन समयमा राजा महेन्द्रले पश्चिमको केही स्वार्थलाई स्वीकार गरे । राजा वीरेन्द्रले स्वीकार गर्न नचाहेको ‘बनाना रिपब्लिक’लाई राजा त्रिभुवनकै शैलीमा राष्ट्रियताभन्दा कुर्सी ठुलो मान्ने दलीय नेतृत्वले स्वीकार गर्दा मुलुकको प्रजातन्त्र मारेर लोकतन्त्र ल्याइएको बुझ्न अत्यावश्यक छ । ०४६ को परिवर्तनपश्चात् काङ्ग्रेस प्रजातन्त्र भन्दा पर नजाने बुझ्नासाथ माओवादी हिंसाको रणनीतिक प्रयोग मुलुकले भोग्न बाध्य बनाइयो । भर्खरै स्थापित हुन थालेको काङ्ग्रेसलाई माओवादीमार्फत आक्रमण गर्न लगाउनुको अर्थ राष्ट्रियता भन्दा कुर्सी ठुलो बनाउनु थियो भन्ने गिरिजाप्रसादले अनदेखा गरिदिए । अन्ततः गिरिजा प्रसादको वीभत्स प्रयोग गर्दै राजा महेन्द्रले खोसेको अधिकार दक्षिण-पश्चिमले बाँडीचुँडी खान राजी भयो । रिमोटमार्फत चल्न तयार नहुषहरुलाई भ्रष्टाचारमा चुर्लुम्म डुबाउँदै कथित उपलब्धिसहितको संविधान भिडाइयो । भागबन्डा र बाँडीचुँडी खाने राजनीतिलाई संस्थागत गर्न संविधानमा चलाखीपूर्वक समानुपातिक निर्वाचन पद्धति राख्न लगाइयो र मुलुकलाई दीर्घकालीन रुपले अपाङ्ग बनाइयो ।

दक्षिण-पश्चिमको उपलब्धिले भरिपूर्ण संविधान जारी हुनासाथ संविधानभित्रका कथित विषय बस्तुबाट जनतालाई गुमराहमा राख्न डाक्टर बाबुरामलाई तराई/मधेस झारियो । तराइमा रणनीतिक हिंसा भड्काइयो । भारतीय प्रधानमन्त्री मोदी र भारतलाई बदनाम गराइयो । ओलीलाई खतरनाक राष्ट्रवादी बनाइयो । छोटो समयमा काङ्ग्रेस-माओवादीलाई मिलाइयो । सिद्धान्त र वर्गीय राजनीतिलाई भताभुङ्ग बनाइयो ।

केवल खानकै निम्ति पुनः ओली-प्रचण्ड गठबन्धन निर्माण गर्दै नेकपा निर्माण गराइयो । अथाह शक्तिसहित सत्तामा पुगेको वामशक्तिलाई देश र जनताको पक्षमा काम गर्न भन्दा भ्रष्टाचारमा डुबाउन सबै ढङ्गले सहयोग पुऱ्याइयो । अन्ततः ओलीको लोकप्रियता समाप्त गर्दै नेकपा भत्काइयो । ओली, देउवा, प्रचण्ड, माधव, झलनाथलाई पखाल्दै एमसिसी सम्झौता अनुमोदन गराइयो । मुलुक निर्माणको एकल अभियानमा हिँडेका ब्यक्ति र दलहरु नहुष र नहुष पुत्रहरु उत्पादन गर्ने कारखानामा परिणत गरियो । ततपश्चात् रणनीतिक ढङ्गले यहुदी रक्षाको निम्ति ‘इजरायल’ जन्माएकै शैलीमा रास्वपाको जन्म गराइयो ।

स्थापित ब्यक्ति र संस्थालाई बदनाम बनाउँदै नयाँमार्फत आफ्ना स्वार्थ पूरा गर्ने रणनीति करिब सफलतातर्फ लम्किँदा मुलुक नयाँ द्वन्द्वको दिन कुरेर बस्दै छ । सत्तालाई

## नहुषहरूले....

कामैं गर्न नसक्ने अवस्थामा पुर्‍याउँदै निर्माण गरिने नयाँ सत्ताले जन्माउने अपराधका नयाँ प्रकरणहरुले जनतालाई थप निराश बनाउने निश्चित छ । सुनियोजित रुपमा घट्ने/घटाइने अपराधको अनुसन्धान अस्थिरताको बीचमा नतिजा दिन असफल हुनेछ तर प्रचारमुखी उल्लिखित घटनाले राजनीति र कर्मचारीतन्त्र थप बदनाम बन्ने छ । सर्वोच्च अदालत र अख्तियारलाई बन्धकमा राखेर खोजिने कानुनी शासनले गर्ने भनेकै जनतालाई निराश बनाउने र कथित राजनीतिक नेतृत्वमार्फत आफ्नो फाइदा लुट्ने मात्र हो भन्ने विदेशीले राम्रोसँग बुझेको छ ।

औचित्यहीन र अराजनीतिक सत्ताले 'ब्ल्याकमेलिङ'मार्फत आफ्ना कमजोरीलाई सम्बोधन गर्ने कोसिस गर्ने छ । संसदीय अङ्कगणितअनुसार ३२सिटे प्रधानमन्त्रीले काङ्ग्रेसको समर्थनबिना कुनै पाइला चाल्न सक्ने छैन । सरकार टिकाउने या ढाल्ने खेल काङ्ग्रेसको हातमा टिकेको अवस्थामा प्रचण्डले क्रान्तिकारी सत्ता चलाउने कल्पना जुनमा बिस्कुन सुकाएजस्तै हो । प्रचण्ड, देउवा, ओली, माधव या कुनै झिल्के प्रधानमन्त्री भए पनि उनीहरुको संरक्षक तिनै शक्ति हुन्, जसले मुलुक निर्माण गर्न कदापि दिने छैनन् । यसको पुष्टि हुँदै आइरहेको छ । सजिलै बुझ्न वर्तमानको संविधान र राजनीतिक प्रणाली काफी छ ।

मुलुकमा राजनीति औपचारिक रुपमा कोमामा छ । मूल्य, मान्यता र सिद्धान्तको हत्या नहुषहरुले गरिसकेका छन् । राजनीति नाफामुखी उद्योगमा स्थापित भइसकेको छ । भ्रष्टाचार योग्यता भएको छ । दलीय मुखियाहरुले आफ्नो उद्योगलाई दीर्घकालसम्म कायम राख्न निर्माण गरेका असत्य सङ्गठनहरु लुटको धन्दामा लिप्त छन् । दलीय कार्यकर्ताको सम्बन्ध जनतासँग टुटेको छ । उनीहरु दलीय नहुषलाई परिक्रमा गरेर पेट पाल्दैछन् । राजनीति गर्ने मानिसको इज्जत घट्दो छ । सैद्धान्तिक निष्ठा, मूल्य र नैतिकताको कुरा गर्ने मानिसहरु राजनीतिबाट किनारामा पारिएका छन् । मुलुकले दलाल पुँजीवाद र भ्रष्टहरुको कब्जाबाट फुत्किने कोसिससमेत गर्न छोडिसकेको छ ।

कोमल र सत्य वचन बोल्ने व्यक्तिलाई पापी र मूर्ख व्यक्तिले शक्तिहीन सम्झन्छन् । यस तथ्यलाई नहुषहरुले शक्तिमा बदलेका छन् । पार्टीकब्जालाई राजनीति-कब्जा ठान्ने नहुषहरुले परिवर्तनशील संसारलाई स्थिर राख्ने असफल कोसिस गरिरहेका छन् । सत्ता र कुर्सीको निम्ति आफ्नै इतिहासमाथि भद्दा मजाक गर्न हौसिएको नेतृत्वले कुबेर बन्ने तथाकथित मार्ग रोजेका छन् । धनाढ्य 'कुबेर'ले सम्पूर्ण पृथ्वी दिँदा पनि मुचुकुन्दले स्वीकार गरेनन् । आफ्नै शक्ति र पराक्रमले राज्यको उपभोग गर्ने हिम्मतले भरिपूर्ण थिए, मुचुकुन्द । सिन्धुराजबाट पराजित पुत्र सञ्जयलाई माता विदुलाले स[?]र्ष गर्न सिकाएकी थिइन् । आफ्नो गर्भलाई दोष दिँदै पुत्र सञ्जयलाई कायर भएर शत्रुको हर्ष बढाएको भन्दै मानव कल्याणको निम्ति युद्ध गर्न तयार गरेकी थिइन् । त्रिशिरा लोभिएन, बिकेन त्यसैले उ मारियो । नहुषले सबै कुरो बुझ्दाबुझ्दै इन्द्रपत्नीमाथि कुदृष्टि लगाउँदा सत्ताबाट विमुख हुन पुग्यो । दुर्भाग्य ! वैश्य युगमा नहुष र नहुषपुत्रहरु तमाम कुरामाथि नजरअन्दाज गर्दै मुलुक डुबाउन मरिहत्ते गरिरहेका छन्। (घटना र विचारबाट)

## लमजुङ जिल्लाका अत्यावश्यक टेलिफोन नम्बरहरु

**एम्बुलेन्सहरू**

| | |
|---|---|
| जिल्ला अस्पताल लमजुङ | ०६६-५२०१८३, ९८६४३८९०३४ |
| लमजुङ मोडेल अस्पताल | ०६६५२०००४ |
| उदीपुर स्वास्थ्य चौकी | ९८४६९००६२० |
| खुदी एम्बुलेन्स | ९८६४३८९२६६ |
| अर्चलबोट एम्बुलेन्स | ९८४६९९५७२४ |
| दोर्दी एम्बुलेन्स | ९८६६०८७३९१ |
| गौंडा प्राथमिक स्वास्थ्य केन्द्र | ९८६६०२२८६१ |
| स्व. सानु नूरनिधि पाण्डे स्मृति संस्था | ९८६६०८७३९१ |
| सामुदायिक भोटेओडार | ९८४६१२८४३६ |
| उपल्लो दोर्दी एम्बुलेन्स | ९८६४३८९०६५ |
| चक्रतीर्थ एम्बुलेन्स | ९८६६०२६०३० |
| राइनास मोहोरिया एम्बुलेन्स | ९८६६०९९२०० |
| सहोदर अस्पताल | ९८२६१६४७१४ |
| कर्मदा अस्पताल | ९८५६०४६३३८ |
| इन्द्रराज डोलकुमारी स्मृति संस्था | ९८२९११९३८० |
| कडरिया प्रतिष्ठान | ९८५६०४६५२० |
| ग्रामीण विकास | ९८४६९९५२९० |
| **अस्पताल** | |
| लमजुङ जिल्ला अस्पताल | ०६६-५२०१८३, ५२०४५२ |
| नमूना सामुदायिक अस्पताल सुन्दरबजार | ०६६-४०२१२३, ४०२१२४ |
| लमजुङ मोडेल अस्ताल, बेसीशहर | ०६६-५२०००४ |
| **सरकारी कार्यालय** | |
| लमजुङ जिल्ला अदालत | ०६६-५२०१९५ |
| जिल्ला प्रशासन कार्यालय, लमजुङ | ०६६-५२०१३३, ५२०१३४ |
| जिल्ला समन्वय समिति, लमजुङ | ०६६-५२०१४४, ५२०१४३, ५२०२८१ |
| जिल्ला प्रहरी कार्यालय, लमजुङ | ०६६-५२०१९९, ५२०१९८, |
| प्रहरी कन्ट्रोल | १०० |
| जिल्ला निर्वाचन कार्यालय | ०६६-५२०१३२ |
| जिल्ला स्वास्थ्य कार्यालय, लमजुङ | ०६६-५२०११९ |
| कृषि ज्ञान केन्द्र | ०६६-५२०१३० |
| भेटेरीनरी अस्पताल | ०६६-५२०१३१ |
| शिक्षा समन्वय इकाइ | ०६६-५२०१०५, ५२०४३० |
| मालपोत कार्यालय | ०६६-५२०२०१ |
| घरेलु तथा साना उद्योग विकास समिति | ०६६-५२०२०२ |
| **विद्युत/टेलिकम** | |
| लमजुङ विद्युत उपभोक्ता संस्था | ०६६-५२०१७७, ५२०४२५ |
| नेपाल विद्युत प्राधिकरण उदीपुर सबस्टेशन | ०६६-५२०३७७ |
| नेपाल टेलिकम, लमजुङ | ०६६-५२०१११, ५२०११२, ५२०५०० |
| **बस/माइक्रो काउण्टर** | |
| पृथ्वी राजमार्ग बस सञ्चालक समिति | ०६६-५२०१७१ |
| लमजुङ कालिका यातायात संचालक समिति | ०६६-५२०३७०, ९८५६०४५००२ (मनाँगे चौतारा) |
| **सञ्चारमाध्यम** | |
| लमजुङ आवाज साप्ताहिक | ०६६-५२०००२ |
| रेडियो लमजुङ | ०६६-५२०८११, ८१२, ८१३ |
| रेडियो मर्स्याङ्दी | ०६६- ५२००२०, ५२०५४७ |
| रेडियो चौतारी | ०६६-५२११८३, ५२११८५ |
| रेडियो भोटेओडार | ०६६-४००१६१, ४००१६२ |

## सिंगै वस्ती....

राजकुमार राउत, सचिवमा इन्द्रबहादुर सुयल, कोषाध्यक्षमा मीना परियार चयन भएका छन् । त्यस्तै सदस्यहरुमा राजु रिमाल, कृष्णबहादुर राउत, अमृत खत्री, बाबुराम अधिकारी, विष्णु मिजार र बमबहादुर अधिकारी चयन भएका छन् ।

कार्यक्रममा बोल्दै पार्टीका केन्द्रीय सदस्य डा. प्रभात अधिकारीले धमिलो भएको देशको राजनीति सङ्लो बनाउन रास्वपा पार्टीको जन्म भएको बताए । उनले देश भ्रष्टाचार, कुशासन र ले आक्रान्त भई परनिर्भरतातर्फ उन्मुख भएको भन्दै देशा बिधिको शासन स्थापना गर्न रास्वपाले चाहेको बताए । उनले देशको उन्नति प्रगतिका लागि रास्वपाको बिकल्प नभएको भन्दै ठूला भनाउदा दलहरूले देशमा कुशासन, भ्रष्टाचारको जालो फैलाएको आरोप लगाए ।

कन्द्रीय सदस्य अधिकारीले देशका युवा शक्ति विदेश पलायन हुन बाध्य भएको भन्दै विदेशिएका नेपालीलाई पनि देशभित्रै बोलाएर उनीहरूलाई उत्पादनशील क्षेत्रमा लगाएर देशको उन्नति गर्नु पर्ने बताए । उनले रास्वपामा देखिएको आकर्षणलाई आगोको झिल्काको रूपमा परिभाषित गर्दै यो झिल्काले पुरै देशमा चेतनाको उज्यालो फैलाउने उद्घोष गरे।

कार्यक्रम रास्वपा बेसीशहर नगर कार्यसमितिका सभापति कृष्णबहादुर राउतको अध्यक्षतामा भएको थियो ।

सो कार्यक्रममा रास्वपाका जिल्ला संयोजक धर्मराज केसी लगायतका वक्ताहरूले समसामयिक राजनीतिक अवस्था, नक्कली भुटानी शरणार्थी प्रकरण, राष्ट्रिय स्वतन्त्र पार्टीको उदय, पार्टीको नीति र भावी कार्यदिशाका बारेमा मन्तब्य राखेका थिए ।

## चक्कु प्रहार....

गरी घाईते बनाएका थिए, केही घण्टा पछि निजको मृत्यु भएको थियो ।

घटना पश्चात पोखरा गएका रम्तेललाई जिल्ला प्रहरी कार्यालय, कास्की, जिल्ला प्रहरी कार्यालय, लमजुङ र ईलाका प्रहरी कार्यालय, भोर्लेटारको संयुक्त टोलीले कास्की जिल्ला अन्तर्गत पोखराबाट शनिबार बिहान पक्राउ गरी बेसीशहर ल्याइएको हो । उनलाइ आईतबार अदालतमा म्याद थपको लागि उपस्थित गराउने तयारी भई रहेको लमजुङका प्रहरी प्रमुख डिएसपी प्रकाश श्रीमलले जानकारी दिए ।

## किसानलाई....

अनुसार नै युरिया मल उपलब्ध गर इएको वडाअध्यक्ष गुरूङले बताए। वडाले करिव चार हजार किलो मल खरिद गरी प्रति किसानलाई आवश्यकता अनुसार ५ देखि ४० किलो सम्म मल अनुदानमा वितरण गरेको उनले जानकारी दिए । सो वाहेक वडा कार्यालयले नगरपालिका कृषि शाखामा कृषि तथा पशपालन फर्म दार्ता गरी ब्यवसाय सञ्चालन गर्दै आएका वडा भित्रका २० वटा फर्मलाई पनि अनुदानमा मल उपलब्ध गराएको छ ।

वडा भित्रका अधिकाशं स्थानीय कृषि पेशामा आवद्ध छन् । प्रायजासो स्थानीयले आफ्नो उपभोगको लागि पनि सिजन अनुसारको खेती लगाउँदै आएकाले उनीहरूको माग अनुसार मकै खेतीका लागि युरिया मल उपलब्ध गराइएको वडा सचिव शोभा थापा दिक्षितले बताइन् । बजार मा रासायनिक मलको अभाव भइर हेका बेला वडा कार्यालयले गरेको कामलाई वडाबासीले सरहना गरेका छन् ।

## भ्रष्टाचारीलाई....

गृहमन्त्रीलाई आग्रह गरेको छ । जनचाहना अनुसार काम गरेर देखाउन आग्रह गरेको छ । समाजका अगुवा डा. बालकृष्ण बरालको नेतृत्वमाटोलीले लमजुङका प्रजिअ रामकृष्ण अधिकारी लाई ज्ञापन पत्र बुझाएको थियो ।


## स्थिर सम्पति लिलाम विक्रीको सूचना

प्रथम पटक प्रकाशित मिति २०८०।०२।०२

राष्ट्रिय वाणिज्य बैंक लि. शखा कार्यलय बेसीशहरको नाममा रहेका विविध स्थिर सम्पतिहरु जे जस्तो अवस्थामा छन् सोहि अवस्थामा डाँक बढाबढको माध्यमवाट लिलाम विक्री गर्नका लागी यो सूचना प्रकाशित गरिएको छ । ईच्छुक फर्म/कम्पनी/संस्था वा व्यक्तिहरुलाई सूचना प्रकाशित भएको मितिले ७ औं दिन अर्थात मिति २०८०।०२।०८ गते दिनको ठिक ४:०० वजे यस शाखा कार्यालयमा उपस्थित भई डाँक बढाबढमा भाग लिन आव्हान गरिन्छ ।

**शर्तहरू**

१) कुनै पनि फर्म/कम्पनी, संस्था वा नेपाली नागरिकले वोलपत्रमा भाग लिन पाउनेछन् र फर्म/कम्पनी, संस्थाको हकमा अख्तियारी पत्र र पान/भ्याट प्रमाणपत्रको प्रमाणित प्रतिलीपी र व्यक्तिको हकमा नेपाली नागरिकताको प्रमाणित प्रतलिपी पेश गर्नु पर्नेछ ।
२) लिलामी हूने स्थिर सम्पति बैंकको शाखा कार्यालय बेसीशहरमा सम्पर्क राखी हेर्न सकिनेछ ।
३) डाँक बढाबढमा भाग लिने व्यक्तिले सम्पूर्ण स्थिर सम्पतिहरुको एकमूष्ठ मुल्य तोकी बोलपत्र पेश गर्नूपर्नेछ ।
४) सवै भन्दा वढी रकम वोलकवोल गर्नेको वोलपत्र स्वीकृत गरिनेछ । वोलपत्र स्वीकृत भएको सुचना पाएको मितिले सातदिन भित्र सम्पूर्ण रकम वूझाई स्थिर सम्पति लैजानू पर्नेछ ।
५) कुनै कारण जनाई वा नजनाई स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस बैंकमा सुरक्षित रहनेछ ।
६) अन्य कूराहरु बैंकको आर्थिक प्रशासन एवम् खरिद विनियमावली २०६८(संसोधन सहित) र अन्य प्रचलित कानून वमोजिम हुनेछ ।

राष्ट्रिय वाणिज्य बैंक लि.
RASTRIYA BANIJYA BANK LTD.

शाखा कार्यालय, बेसीशहर, लमजुङ

# शिक्षक नायक तथा जुनियर रेडक्रस गोष्ठी सम्पन्न



रामबजार । नेपाल रेडक्रस सोसाइटी लमजुङ जिल्ला शाखाको आयोजनामा शिक्षक नायक तथा  जुनियर यूवा रेडक्रस गोष्ठी सम्पन्न भएको छ । गोष्ठी मध्यनेपाल ७ स्थित कुसुमाकर मा.वि. मा गत शुक्रवार र शनिवार भएको हो । शुक्रवार विहान करापुटार वजारमा प्रभातफेरि गरी सुरू भएको गोष्ठीमा जिल्लाका ४४ मा वि. तथा नि.मा. वि वाट शिक्षक नायक जुनियर युवा छात्र तथा छात्राहरूको सहभागी थियो ।

उद्घाटन सत्र जुनियर यूवा रेडक्रस सर्कल कुसुमाकर मा. वि. का अध्यक्ष करूण विश्वकर्माको अध्यक्षतामा एवं मध्यनेपाल नगरपालिकाका प्रमुख रमेश कुमार पाण्डेको प्रमुख आतिथ्यतामा भएको हो । कार्यक्रममा नेपाल रेडक्रस सोसाइटी जिल्ला शाखा सभापति ऋषिराम घिमिरे, मन्त्री मदन कुमार नेउपाने,, जुनियर यूवा समितिका संयोजक मातृका प्रसाद खनाल, जिल्ला कार्य समिति सदस्य सुनिता नेउपाने, प्रदेश जुनियर युवा समितिका संयोजक तीर्थ राज तिवारी, भार्लेटार उपशाखा सभापति वद्री पौडल , ईशानेश्वर उपशाखाका सभापति मदनसिंह घिमिरे , विद्यालय व्यवस्थापन समिति अध्यक्ष देवेन्द्र घिमिरे लगायत स्थानीय सेमाज सेवीहरूले शुभकामना मन्तव्य राखेका थिए ।

कार्यक्रममा स्वागत गर्दै कुसुमाकर माविका प्रधानाध्यापक एवं संरक्षक धुव्रराज घिमिरेले विद्यालयको वारेमा जानकारी गराएका थिए ।

गोष्ठिमा शाखा अधिकृत श्रीकान्त घिमिरले विभिन्न विद्यालयको वार्षिक कार्यक्रम तथा प्रतिवेदन प्रस्तुत, रेडक्रस अभियान तथा रेडक्रसका सात सिद्धान्त, अभियान, नेपाल रेडक्रसका गतिविधि तथा लमजुङ रेडक्रसका गतिविधिहरू प्रस्तुत गरेका थिए ।

कार्यक्रम अधिकृत गणेश गौलीले विपद व्यवस्थापनमा पूर्व तयारी राहत तथा उद्धार कसरी गर्ने जस्ता विषयमा सहजीकरण गरेका थिए । गण्डकी प्रदेश अध्यक्ष सूर्य प्रसाद ढकाल र जिल्ला शाखाका ऋषिराम घिमिरेले रेडक्रस अभियान र हालको समसामयीक विषममा सहभागीहरूलाई जानकारी गराए ।

यसैगरी जुनियर यूवा रेडक्रस सम्वन्धी विषयमा प्रदेश जुनियर यूवा समिति संयोजक तीर्थ राज तिवारीले सहजीकरण गर्दे समिति गठन प्रक्रिया, काम कर्तव्य र कार्यक्षेत्र र सुचकहरूको वारेमा जानकारी गराएका थिए । दुई दिने गोष्ठीले कुसमाकर घोषणा पत्र तयारीको लागि  ५ सदस्य उप समिति गठन गरि भावी कार्यक्रमहरू र योजनाको निर्माण गरेको छ ।

गोष्ठीको समापन रेडक्रस सोसाइटी गण्डकी प्रदेश महासविच राम दत्त पौडेलको प्रमुख आतिथ्यतामा भएको थियो ।

# बेसीशहरमा आगलागी नियन्त्रण सम्बन्धी नमूना अभ्यास



आगलागी भएपछि कसरी सुरक्षित तरिकाबाट निभाउने र कोही घाइते भइहालेमा कसरी उद्धार गर्ने भन्ने सम्बन्धमा लमजुङ सदरमुकाम बेसीशहरमा नमूना अभ्यास गरिएको छ ।

शनिबार बेसीशहरको फूलबारी मञ्चमा सशस्त्र प्रहरी नेपाल आश्रित गुल्म लमजुङले आगो निभाउने तथा उद्धार अभ्यासको आयोजना गरेको हो ।

बेसीशहर नगरपालिका, ग्रामीण सामुदायिक विकास केन्द्रको सहयोगमा भएको सो कार्यक्रममा घरमा आगलागी हुँदा कसरी आगलागी नियन्त्रण गर्ने, खाना पकाउने क्रममा ग्यास सिलिन्डरमा ग्याँस लिक भइ आगो लागेमा कसरी निभाउने र आगलागी विपदका बेला कसरी सुरक्षित भइ नियन्त्रणमा लिने भन्ने अभ्यास गरिएको थियो ।

नमूना अभ्यासका क्रममा फूलबारी मञ्चको एक छेउमा सानो टहरो बनाइ घरमा आगलागी हुँदा नियन्त्रणमा लिने, घाइतेको प्राथमिक उपचार गर्ने, अस्पताललाने जस्ता नमुना अभ्यास गरिएको सशस्त्र प्रहरी बल नेपाल आश्रित गुल्म लमजुङका प्रमुख प्रहरी नायव उपरीक्षक मानबहादुर शाहीले बताए ।

कार्यक्रममा बेसीशहर नगरपालिकाका मेयर गुमानसिंह अर्याल, जिल्ला विपद ब्यवस्थापन समितिका अध्यक्ष एवं प्रमुख जिल्ला अधिकारी रामकृष्ण अधिकारी, प्रहरी नायव उपरीक्षक प्रकास श्रीमल लगायत स्थानीय बासिन्दाहरु सहभागी भएका थिए ।

कार्यक्रममा बोल्दै बेसीशहर नगरपालिकाका मेयर गुमानसिंह अर्यालले आगलागी जहाँ र जुनसुकै बेला पनि हुन सक्ने भएकाले आगलागीबाट हुने क्षति कम गर्न र आगलागी कसरी नियन्त्रण गर्न सकिन्छ भन्नेबारे नमूना अभ्यासबाट सिक्न सकिने बताए । उनले नमूना अभ्यास हेरेर छरछिमकेलाइ समेत सिकाउन स्थानीयलाइ आग्रह गर्दै विपदलाइ रोक्नै नसके पनि यसबाट हुने क्षतिलाइ कम गर्न सकिने धारणा राखे ।

जिल्ला विपद ब्यवस्थापन समितिका अध्यक्ष एवं प्रमुख जिल्ला अधिकारी रामकृष्ण अधिकारीले नमूना अभ्यासले जीवन सुरक्षित बनाउन मद्दत पुग्ने भन्दै यस्ता घटनाको नमूना अभ्यासले सचेतना अभिबृद्धिमा मद्दत पुग्ने बताए ।

कार्यक्रममा स्थानीय बासीन्दालाइ ग्याँस सिलण्डरमा आगो लागेमा बाल्टीले छोपेर निभाउन सकिने र भिजेको चिसो कम्बलले वेरेर पनि ग्याँस सिलिण्डरको आगो निभाउन सकिने बारे प्रयोगात्मक अभ्यास गराइएको थियो ।

# खुदीमा ईलाका प्रहरी कार्यालय स्थापना गर्न माग

खुदी । उत्तरी लमजुङको खुदीमा रहेको प्रहरी चौकीको स्तरोन्नती गरी ईलाका प्रहरी कार्यालय वनाउन स्थानीय बासीन्दाले माग गरेका छन् ।

जिल्ला प्रहरी कार्यालय लमजुङले मर्स्याङ्दी गाउँपालिकाको वडा नं. ३ खुदीमा शुक्रबार गरेको नागरिक सुनुवाई कार्यक्रममा सहभागीहरूले शान्ति सुरक्षा, दैवी प्रकोप लगायत विभिन्न कारणले उत्तरी लमजुङमा इलाका प्रहरी कार्यालयका आबस्यकता औंल्याउँदै यस्ता माग गरेका हुन् । कार्यक्रममा सहभागी स्थानीले लागुऔषध दुर्व्यसन, घरेलु हिंसा, लगायतका विषयमा जनचेतनामूलक कार्यक्रम संचालन गरिदिन समेत अनुरोध गरेका छन् ।

नागरिक सुनुवाइमा सहभागीले जिल्ला प्रशासन कार्यालयद्वारा प्रदान गरिने सेवाका सन्दर्भमा समेत प्रश्न उठाएका थिए । नागरिकता वितरण, राष्ट्रिय परिचयपत्र वितरण, विभिन्न प्राकृतिक विपदमा परि पीडित भएका परिवारलाई राहत उपलब्ध गराउनका लागि पहल गरिदिन सहभागीहरूले सो अवसरमा माग गरेका थिए । उत्तरी लमजुङका बासीन्दाले डुम्रे-बेसिशहर-चामे सडकमा ठाउँ ठाउँमा पहिरोले दुःख दिने गरेको भन्दै सडकको स्तरोन्नति र मर्मतमा निर्माणमा भएको ढिलाईले नागरिकले सास्ती भोग्नु परेको भन्दै प्रशासनको ध्यानाकर्षण गराएका थिए ।

गाउँपालिकाका उपाध्यक्ष जुनामाया थापाले नागरिक अधिकार, महिला अधिकार लगायतका विषयमा सवै क्षेत्रका व्यक्तिहरू लाग्नुपर्नेमा जोड दिइन् । कार्यक्रममा जिल्ला प्रहरी कार्यालय लमजुङका प्रमुख प्रहरी नायव उपरीक्षक प्रकाश श्रीमलले प्रहरीले सम्पादन गरेका महत्वपूर्ण कार्यक्रमको वारेमा स्थानीयलाइ जानकारी गराएका थिए । सहभागीको प्रश्नको जवाफ दिंदै प्रहरी नायव उपरीक्षक श्रीमलले प्रहरीले नागरिक मैत्री प्रहरी सेवा प्रदान गरिरहेको र जनगुनासोको सम्बोधन गरिने प्रतिबद्धता जनाएका थिए ।

**दर्ता नगरी उद्योग ब्यवासय सञ्चालन नगर्ने सम्बन्धि सूचना**

**गण्डकी प्रदेशभित्र सञ्चालनमा रहेका तर दर्ता नभएका सबै उद्योग, ब्यापार–ब्यवसायहरु प्राइभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ र औद्योगिक ब्यवसाय ऐन २०७६ बमोजिम यथाशीघ्र सम्बन्धित घरेलु तथा साना उद्योग कार्यालयमा दर्ता गर्न सम्बन्धित सबैलाई आह्वान गरिन्छ । अन्यथा प्रचलित कानून बमोजिम कारबाही गरिने ब्यहोरा यसै सूचना बमोजिम सूचित गरिन्छ ।**

गण्डकी प्रदेश सरकार
आन्तरिक मामिला तथा कानुन मन्त्रालय
पोखरा, नेपाल
फोनः ०६१–४६७७३२, ४६७७३३

**घरैमा बसेर लमजुङ आवाज पढ्न बार्षिक ग्राहक बन्नुहोस। बार्षिक शुल्क ५००।–मात्र । ग्राहक बन्न चाहनेले फो नं. ०६६–५२०००२ मा सम्पर्क गर्नुहोला ।**

# चिसंखु स्वास्थ्य चौकीमा एम्बुलेन्स, गरिब निमुखालाई निःशुल्क



बेसीशहर । लमजुङको मध्यनेपाल नगरपालिका वडा नं ७ मा रहेको चिसंखु स्वास्थ्य चौकीबाट एम्बुलेन्स सेवा शुरु हुने भएको छ ।

काठमाडौंको गोकर्णेश्वर नगरपालिकाले मध्यनेपाल नगरपालिकालाइ हस्तान्तरण गरेको एम्बुलेन्स आइतबार एक समारोहबीच चिसंखु स्वास्थ्य चौकीलाइ हस्तान्तरण गरिएको हो । मध्यनेपाल नगरपालिकासंग भगिनी सम्बन्ध बनाएको काठमाडौंको गोकर्णेश्वर नगरपालिकाले उपहार स्वरुप एम्बुलेन्स उपलब्ध गराएको थियो । मध्यनेपाल नगरपालिकामा प्रमुख प्रशासकीय अधिकृतको रुपमा काम गरी काठमाडौंको गोकर्णेश्वर नगरपालिकामा सरुवा भइ गएका प्रमुख प्रशासकीय अधिकृत वैकुण्ठ सापकोटाको पहलमा मध्यनेपाल नगरपालिका र गोकर्णेश्वर नगरपालिकाबीच भगिनी सम्बन्ध कायम भएको छ । प्रमुख प्रशासकीय अधिकृत सापकोटाकै पहलमा गोकर्णेश्वर नगरपालिकाले मध्यनेपाल नगरपालिकालाइ एम्बुलेन्स उपहार दिएको हो ।

आइतबार भोर्लेटारमा एक कार्यत्रमबीच गोकर्णेश्वर नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत सापकोटाले मध्यनेपाल नगरपालिकाका मेयर रमेशकुमार पाण्डेलाइ एम्बुलेन्स हस्तान्तरणा गरेका थिए । आइतबार नै नगरप्रमुख पाण्डेले उक्त एम्बुलेन्स चिसंखु स्वास्थ्य चौकीलाइ हस्तान्तरण गरेका हुन् । चिसंखु स्वास्थ्य चौकीका ब्यवस्थापन समितिका अध्यक्ष एवं वडा नं ७ का अध्यक्ष हिरा गुरुङलाइ एम्बुलेन्स हस्तान्तरण गरेका मध्यनेपालको स्वास्थ्य शाखा प्रमुख सुर्यप्रसाद पौडेलले जानकारी दिए ।

एम्बुलेन्स पाएपछि मध्य नेपाल नगरपालिकाले नगरभित्रका गरीब र निमुखा जनतालाइ उक्त एम्बुलेन्स निःशुल्क उपलब्ध गराउने घोषणा गरेको छ । नगरपालिकाको यो घोषणालाइ स्थानीयले स्वागत गर्दै सेवालाइ जनमुखी बनाउन आग्रह गरेका छन् ।






# दोभानचौरमा निःशुल्क आँखा शिविर

बेसीशहर । उत्तरी लमजुङको मर्स्याङदी गाउँपालिका वडा नं. ६ दोभानचौर मा निःशुल्क आखाँ शिविर सम्पन्न भएको छ । शिविरमा ५३७ जनाले सेवा पाएका छन् ।

जनकल्याण बचत तथा ऋण सहकारी संस्थाको आयोजनामा शनिवार सञ्चालित एक दिने आँखा शिविरमा वडा नं. ६ र ७ का स्थानीयले सेवा पाएका हुन् । हिमालय आँखा अस्पताल पोखराको सहयोगमा भएको शिविरमा अस्पतालका नेत्र रोग विशेषज्ञ डा.सुभाष नेपाल, जिल्ला आखाँ उपचार केन्द्रका दिप गुरुङ सहित ६ जना स्वास्थ्यकर्मीहरुले सेवा दिएका थिए ।

शिविरमा सेवा लिएका ५ सय ३७ जना मध्ये १ सय ८६ जनालाई पावर चस्मा वितरण गरिएको छ भने २८ जनामा मोतियाविन्दुको समस्या देखिएको डा.सुभाष नेपालले जानकारी दिए । शिविरमा परीक्षणका क्रममा मोतियाविन्दुको समस्या देखिएका विरामीलाई हिमालय आँखा अस्पतालले निःशुल्क शल्यक्रिया गरिदिने भएको छ । सो अवसरमा आँखा सम्वन्धि विभिन्न समस्या भएका ब्यत्तिःहरुलाई औषधि समेत वितरण गरिएको थियो ।

शिविर समापनको अवसरमा मर्स्याङदी ७ का वडाअध्यक्ष तिलवहादुर गुरुङले सहकारीले सामाजिक सेवामूलक कार्यमा अग्रसर भएकोमा धन्यवाद दिदै स्वास्थ्य सेवाको पहुँचबाट टाढा रहेका ग्रामीण भेगका नागरिकहरुलाई गाउँमै आएर निःशुल्क स्वास्थ्य सेवा दिएकोमा आयोजक संस्थालाई धन्यवाद दिए ।

कार्यक्रमा जनकल्याण साकोसका अध्यक्ष ताराराज घलेले संस्थाले सामाजिक उत्तरदायित्व अर्न्तगत शिविरको आयोजना गरेको वताए । जनकल्याण साकोसले सामाजिक उत्तरदायित्व अर्न्तगत हरेक वर्ष शिक्षा, स्वास्थ्य, विपद लगायत सामाजिक क्षेत्रमा विभिन्न सेवामूलक कार्यहरु गर्दै आएका जनकल्याण साकोसका प्रवन्धक झमप्रसाद गुरुङले वताए । चालु आर्थिक वर्ष समाजिक उत्तरदायित्व शिर्षकमा २ लाख वजेट छुट्टाएको संस्थाले ग्रामीण क्षेत्रमा आँखा शिवर सञ्चालन सँगै बेसीशहर ७ स्थित मनाङे चौतार ।को मर्मत र स्तरोन्नति गर्ने जनाएको छ ।

# बेसीशहरका महिलालाई सिलाइ कटाइ तालिम




बेसीशहर । यस नगरपालिकाको वडा नं ८ मा २० जना महिलालाई सिलाई कटाई सम्बन्धी ३ महिने सिप विकास तालिम दिइएको छ ।

बेंसीसशहर नगरपालिकाले वडा नं. ८ को समन्वयमा आयोजना गरेको उक्त तालिम मंगलबार समापन गरिएको छ । गरिवी निवारणका लागि लघु उघम विकास कार्यक्रम (मेड्पा) मार्फत आयोजना गरिएको कार्यक्रममा महिलाले सिलाई कटाई सम्बन्धी तालिम लिएका छन् । उनीहरू ब्यावसायिक बन्न योग्य भएको नगरपालिकाले जनाएको छ ।
समापन कार्यक्रमलाई सम्बोधन गर्दै बेंसीशहर नगरपालिका प्रमुख गुमानसिंह अर्यालले सिप सिकेमा कहिल्यै भोकै बस्न नपर्ने बताए । उनले सिकका सिपलाई ब्यावहारिक रूपमा उतारेमा यसबाट आर्थिक आम्दानी समेत हुने भएकाले सिकेको सीपलाई ब्यवहारमा उतार्न आग्रह गरे ।

नगरपालिकाका उपप्रमुख पद्मा गुरुङले महिला चुलो चौकामा मात्रै सिमित नभई घर ब्यहार धान्ने र आत्मनिर्भर हुन पनि आवश्यक रहेको बताइन्। नगरपालिकाले महिलालाई आत्मनिर्भर र ब्यावसायिक बनाउन सहयोग गर्दै आएको उनले जानकारी दिइन् ।

कार्यक्रममा नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत इमनाथ कँडेल, कार्यक्रम अधिकृत मेघेन्द्र पोखरेल, लेखा अधिकृत सृजना पौडेल, कार्यपालिका सदस्य कल्पना थापा बोहरालगायतले मन्तब्य राखेका थिए । कार्यक्रम वडा नं. ८ का अध्यक्ष पवित्रा थापा रानाको अध्यक्षतामा भएको थियो ।

कार्यक्रममा सहभागीलाई तालिमको क्रममा आफूले सिक्नको लागि प्रयोग गर्दै आएको सिलाई कटाई मेशिन, मेशिनमा प्रयोग हुने उपकरण, सामग्री साथै कपडाहरू निःशुल्क सहयोग गरिएको छ । यसबाट महिला आत्मनिर्भर बन्न सक्ने अपेक्षा लिइएको वडा नं. ८ का अध्यक्ष पवित्रा थापा रानाले बताइन् ।

नगरपालिकाले नगरको वडा नं ५ नाल्मामा पनि सिलाइकटाइ तालिम सञ्चालन गरेको छ । नाल्माको बाख्रेजगतमा तालिमको आयोजना गरिएको हो ।

**लमजुङ आवाज मा लेख रचना पठाउनु परेमा**
lmjaawaj@gmail.com
milanshar@gmail.com
मा इमेल गर्न नभुल्नु होला ।

# बेसीशहर खुदी सडक छिटो र गुणस्तरीय बनाउन माग

उत्तरी लमजुङका बासीन्दाले डुम्रे-बेसीशहर-चामेसडक अन्तर्गत बेसीशहर खुदी खण्डको काम छिटो छरितो र गुणस्तरीय बनाउन माग राख्दै जिल्ला प्रशासन कार्यालयमा ज्ञापपत्र दिएको छ । बेसीशहर चामे सडक सरोकार तथा समन्वय समितिले सोमबार लमजुङका प्रमुख जिल्ला अधिकारी रामकृष्ण अधिकारीलाइ ज्ञापनपत्र बुझाएको हो ।



समितिले चालु आर्थिक बर्षको असार मसान्तसम्म सडक कालोपत्रे गरिसक्नु पर्ने सम्झौता भए पनि सडकको ठेक्का पाएको निर्माण कम्पनीले अहिलेसम्म नाला निर्माण, कटिङ वाल र सववेस राख्ने काम समेत नसकेको भन्दै प्रशासनको ध्यानाकर्षण गराएको छ ।

समितिले खुदीबजारमा मर्स्याङ्दी गाउँपालिकाले सडक विस्तारका लागि १५ दिने सूचना प्रकाशित गरी प्राविधिक नापजाँच सम्पन्न गरी रेखांकन गरिसके पनि ठेकेदार कम्पनीले सडक निर्माणको काम शुरु नै नगएको भन्दै असन्तुष्टि जनाएको छ । बजारक्षेत्रको सडकको दुवैतर्फ सडकको मापदण्ड अनुसार नाला निर्माणका लागि समितिले जोड दिएको छ ।

सरोकार समितिका अध्यक्ष सुर्यप्रसाद कतिला र सचिव नविनराज कुइँकेलद्वारा हस्ताक्षरित ज्ञापन पत्रमा विगतमा प्रमुख जिल्ला अधिकारीको संयोजकत्वमा अनुगमन समिति गठन भइ प्रत्येक महिना वैठक बसी सडक निर्माणमा भएको प्रगतिको प्रतिवेदन माग गर्ने निर्णय भए पनि सो अनुसार काम नभएको भन्दै प्रमुख जिल्ला अधिकारीको ध्यानाकर्षण गराइएको छ । ज्ञापनपत्र बुझाउन पालिकाका पूर्व उपाध्यक्ष होमबहादुर वि.क., वडा नं ३ का पूर्व वडाध्यक्ष प्रेम बस्नेत लगायत पुगेका थिए ।

## बसीबियाँलो........ऋषि श्रेष्ठ




# किसानहरुलाई अनुदानमा रासायनिक मल वितरण



बेसीशहर । खेतीपातीको बेलामा रासायनिक मलको अभाव झेल्दै आएका बेसीशहर नगरपालिका वडा नं. ८ का किसानहरूले अनुदानमा मल पाएका छन् ।

बेसीशहर ८ वडा कार्यालयले वडाका किसानहरूलाई अनुदानमा रासायनिक मल वितरण गरेको हो । वडा भित्रका करिव पाँचसय किसानलाई ८० प्रतिशत अनुदानमा युरिया मल वितरण गरिएको वडाध्यक्ष खुशीजंग गुरूङले जानकारी दिए ।

वडा कार्यालयको कृषि विकास कार्यक्रम अन्तर्गत वडा भित्रका किसानको समस्यालाई मध्यनजर गरी उनिहरूको माग (बाँकी पृष्ठ ३ मा)

# भ्रष्टाचारीलाई कारबाही गर्न नागरिक समाजको माग

बेसीशहर । नागरिक समाज लमजुङले भ्रष्टाचार जस्ता जघन्य अपराधमा संलग्न जोकोहीलाइ पनि कारबाही गर्न सरकारलाइ आग्रह गरेको छ । नागरिक समाज लमजुङले सोमबार गृहमन्त्री नारायणकाजी श्रेष्ठलाइ ज्ञापन पत्र पठाउँदै यस काण्डमा संलग्न भएकाहरु पक्राउ पर्नुले आम जनतामा आशा पलाएको जनाएको छ ।

समाजले यस प्रकरणसहित विभिन्न भ्रष्टाचारमा संलग्नहरुलाई कार्वाहीको माग गर्दे विगतमा पनि भष्ट्रचार सम्बन्धी मुद्दाहरु बाहिर आउने गरे पनि भ्रष्टाचारीहरुलाइ कारबाही नहुँदा सरकारप्रति जनताको विश्वास घट्दै गएको स्मरणा गराएको छ । सरकारले अहिले नक्कली भुटानी शरणार्थी प्रकरणमा संलग्न भएका आशंकमा उच्च पदस्थ नेता र कर्मचारीलाइ पक्राउ गरी अनुसन्धान थालेकोमा खुशी ब्यक्त गर्दै समाजले यस कार्यले जनतामाआशाको सञ्चार भएको भन्दै यस प्रकरणलाइ निष्कर्षमा पुर्याउन आग्रह गरेको छ ।

यतिबेला सरकारले इतिहास रच्ने वेला आएको भन्दै नागरीक समाजले सबै भ्रष्टाचारी र अपराधीहरूलाइ कार्बाही गर्ने प्रणका साथ काम गर्न (बाँकी पृष्ठ ३ मा)

गणतन्त्रका उपलब्धीहरु

- संघीयताको अभ्यासमार्फत संघ,प्रदेश र स्थानीय तहमा शक्ति बाँडफाँड,
- विधिको शासनको व्यवस्था,
- अधिकार सम्पन्न स्थानीय तह,
- जनअनुमोदित प्रतिनिधिबाट शासन सञ्चालन,
- अभिव्यक्ति स्वतन्त्रताको रक्षा,

यी उपलब्धीहरुको रक्षा गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड